**वार्षिक प्रतिबेदन**

**२०८२**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

# सोताङ पब्लिक क्याम्पस

सोताङ-५, सोलुखुम्बु

स्थापित मिति : २०६९

आ.ब. २०८१/०८२

रिपोर्ट प्रकाशन मिति : २०८२/०६/०७

**रिर्पोट तयारी टोली**

१. हर्कबहादुर राई

२. एकराम नाछिरिङ

३. राम बहादुर बस्नेत

४. टंक प्रसाद दाहाल

५. विजय कुमार नाछिङि

६. जीवन कोइराला

७. उषा कुमारी लामिछाने

**रिपोर्ट तयारीको लागि सल्लाहकारहरु**

१. बीर बहादुर राई

२. लक्ष्मी कार्की(बश्नेत )

३. मदन कुमार राई

**२. सञ्चालक समितिद्वारा प्रतिवेदन अनुमोदन मिति : २०८२/ ६ /२५**

**यस क्याम्पसमा रहेको वर्तमान सञ्चालक समितिको नामावली**

अध्यक्ष वीर बहादुर राई

उपाध्यक्ष जीवन कोइराला

सदस्य लक्ष्मी कार्की(बस्नेत)

सदस्य मानवीर राई

सदस्य प्रकाश कार्की

सदस्य दिपक राई

सदस्य मदन कुमार राई

सदस्य तारा कुमार राई

सदस्य धन कुमार बि.क.

सदस्य बलराम बस्नेत

सदस्य उद्धव कुमार शर्मा

सदस्य दावा शेर्पा

सदस्य पृथ्वी बहादुर थापा

सदस्य इन्द्र प्रसाद तिमल्सेना

सदस्य दधिराम धमला

सदस्य सचिब हर्कबहादुर राई

## ३. पृष्ठभुमि

सोलुखुम्बु जिल्लाको सदरमुकामबाट १३ कोश पूर्वी उत्तर क्षेत्रको सोताङ गाँउ पालिकामा सोताङ पब्लिक क्याम्पस वि.स. २०६९ सालमा त्यस क्षेत्रका बुद्धिजिवी, समाजसेवी र राजनीतिक कर्मीहरुको विशेष पहलमा स्थापना भएको हो । शिक्षाशास्त्र संकाय अर्न्तगत अंग्रेजी, नेपाली र स्वास्थ्य शारीरिक विषयमा अध्ययन गर्न पाउने गरी त्रिभुवन विश्व विद्यालयबाट मिति २०६९ मा सम्बन्धन प्राप्त यो क्याम्पस कोशी पारिको शैक्षिक संस्थाहरुमा अग्रणी संस्थाको रुपमा रहँदै आएको छ ।

सोताङ पब्लिक क्याम्पस विशेष गरी भौगोलिक दृष्टिले सदरमुकामबाट अति टाढा रहेको र भौगोलिक विकटताको कारणले उच्च शिक्षा हाँसिल गर्नबाट वञ्चित विद्यार्थीहरुको उच्च शिक्षा गर्ने उच्चतम् अभिलासालाई मध्यनजर गर्दै यस क्षेत्रको उच्च शैक्षिक संस्थाका रुपमा स्थापना हुन सफल भएको छ । हाल सोलुखुम्बु जिल्ला अर्न्तगत( सोताङ,माहाकुलुङ,थुलुङ दुधकोशी,माप्यदुधकोशी र छिमेकी जिल्ला खोटाङको ऐसेलुखर्क गाउँ पालिका) भित्रका लोखिम, वाकु,पावै,सोताङ,बुङ, छेस्काम,देउसा,बासा र ऐसेलुखर्क जस्ता साविक गा.वि.स.का विद्यार्थीहरु यस क्याम्पसमा अध्ययनरत रहेका छन् । हाल यस क्याम्पस गाँउपालिको अनुदानबाट ६ कोठे भवन,विश्वविद्यालय अनुदान आयोग आयोगको सहयोगबाट १२ कोठाको  पक्कि भवन र ६ कोठे कच्चि भवन गरी जम्मा १८ कोठे र पुर्वाधार कार्यालय ओखलढुङ्गाको सहयोगबाट पक्कि ३ कोठे गरी जम्मा २७ कोठा हाल यो क्याम्पसमा छ ।  यो क्याम्पस सोलुखुम्बुको विकट बस्ती सोताङ गाँउपालिकामा अबस्थित रहेर यस क्षेत्रका गरीव जनताका छोराछोरीलाई उच्च शिक्षा दिन सफल भएको क्याम्पस हो । यस क्याम्पसको नाममा पास भैसकेको $१२\frac{१}{२}$ रोपनी जग्गा क्याम्पसको नाममा रहेको छ । विकट ठाँउमा यो क्याम्पस भए पनि यहाँका जनता, राजनीतिक दल, समाजसेवी र बुद्धिजीवीको सकरात्मक साथ र सहयोगले यस क्याम्पसलाई सहयोग पुगेको छ । तसर्थ यस क्याम्पसको भविष्य उज्ज्वल रहेको देखिन्छ । यो वार्षिक प्रतिवेदन निमार्णमा सहयोग गर्नुहुने सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष लगायत सम्पूर्ण प्राध्यापकहरुमा प्रतिवेदन निर्माण टिमबाट धन्यवाद व्यक्त गर्दछौं । यो प्रतिवेदन आगामी दिनमा क्याम्पसको समग्र आर्थिक, शैक्षिक  र भौतिक विकासका लागि कोशे ढुङ्गा सावित हुने छ ।

## विषयसूची

१. पृष्ठभूमि

२. शैक्षिक उपलब्धी

३. भौतिक उपलब्धी

४. आर्थिक पक्ष

५.  सामाजिक प्रगती

श्री अध्यक्षज्यू

प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि

लगायत सम्पूर्ण उपस्थित महानुभावमा नमस्कार

प्रतिवेदन निर्माण समितिबाट तयार गरिएको यस प्रतिवेदनलाई यस साधारणसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. पृष्ठभूमी

सोलुखुम्बु जिल्लाको सदरमुकामबाट १३ कोश पूर्वी उत्तर क्षेत्रको सोताङ गाँउ पालिकामा सोताङ पब्लिक क्याम्पस वि.स. २०६९ सालमा त्यस क्षेत्रका बुद्धिजिवी, समाजसेवी र राजनीतिक कर्मीहरुको विशेष पहलमा स्थापना भएको हो । शिक्षाशास्त्र संकाय अर्न्तगत अंग्रेजी, नेपाली र स्वास्थ्य शारीरिक विषयमा अध्ययन गर्न पाउने गरी त्रिभुवन विश्व विद्यालयबाट मिति २०६९ मा सम्बन्धन प्राप्त यो क्याम्पस कोशी पारिको शैक्षिक संस्थाहरुमा अग्रणी संस्थाको रुपमा रहँदै आएको छ ।

सोताङ पब्लिक क्याम्पस विशेष गरी भौगोलिक दृष्टिले सदरमुकामबाट अति टाढा रहेको र भौगोलिक विकटताको कारणले उच्च शिक्षा हाँसिल गर्नबाट वञ्चित विद्यार्थीहरुको उच्च शिक्षा गर्ने उच्चतम् अभिलासालाई मध्यनजर गर्दै यस क्षेत्रको उच्च शैक्षिक संस्थाका रुपमा स्थापना हुन सफल भएको छ । हाल सोलुखुम्बु जिल्ला अर्न्तगत( सोताङ,माहाकुलुङ,थुलुङ दुधकोशी,माप्यदुधकोशी र छिमेकी जिल्ला खोटाङको ऐसेलुखर्क गाउँ पालिका) भित्रका लोखिम, वाकु,पावै,सोताङ,बुङ, छेस्काम,देउसा,बासा र ऐसेलुखर्क जस्ता साविक गा.वि.स.का विद्यार्थीहरु यस क्याम्पसमा अध्ययनरत रहेका छन् । हाल यस क्याम्पस गाँउपालिको अनुदानबाट ६ कोठे भवन,विश्वविद्यालय अनुदान आयोग आयोगको सहयोगबाट १२ कोठाको पक्कि भवन र ६ कोठे कच्चि भवन गरी जम्मा १८ कोठे र पुर्वाधार कार्यालय ओखलढुङ्गाको सहयोगबाट पक्कि ३ कोठे गरी जम्मा २७ कोठा हाल यो क्याम्पसमा छ । यो क्याम्पस सोलुखुम्बुको विकट बस्ती सोताङ गाँउपालिकामा अबस्थित रहेर यस क्षेत्रका गरीव जनताका छोराछोरीलाई उच्च शिक्षा दिन सफल भएको क्याम्पस हो । यस क्याम्पसको नाममा पास भैसकेको १२$\frac{१}{२}$ रोपनी जग्गा क्याम्पसको नाममा रहेको

छ । विकट ठाँउमा यो क्याम्पस भए पनि यहाँका जनता, राजनीतिक दल, समाजसेवी र बुद्धिजीवीको सकरात्मक साथ र सहयोगले यस क्याम्पसलाई सहयोग पुगेको छ । तसर्थ यस क्याम्पसको भविष्य उज्ज्वल रहेको देखिन्छ । यो वार्षिक प्रतिवेदन निमार्णमा सहयोग गर्नुहुने सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष लगायत सम्पूर्ण प्राध्यापकहरुमा प्रतिवेदन निर्माण टिमबाट धन्यवाद व्यक्त गर्दछौँ । यो प्रतिवेदन आगामी दिनमा क्याम्पसको समग्र आर्थिक, शैक्षिक  र भौतिक विकासका लागि कोशे ढुङ्गा सावित हुने छ ।

## २. शैक्षिक उपलब्धी

हाल यस क्याम्पसमा स्नातक प्रथम, द्वीतिय, तृतीय र चौथो वर्ष गरी जम्मा २२६ विद्यार्थीहरु अध्ययनरत छन् । दुर्गम भेगमा स्थापना भएको यस क्याम्पसले गर्दा यस क्षेत्रका गरिब जनताका छोरोछोरिहरुले उच्च शिक्षा अध्ययन गर्ने मौका पाएका छन् ।

शैक्षिक सत्र २०८१/०८२ को विद्यार्थी विवरण

| स्नातक पहीलो वर्ष | केटा | केटी | दलीत | मधेसी | जम्मा | | |
|---|---|---|---|---|---|---|---|
| | ३६ | ६६ | १ | | १०५ | | |
| स्नातकदोस्रो वर्ष | ५ | २६ | १ | | ३२ | | |
| स्नातक तेस्रो वर्ष | ८ | ३० | २ | | ४० | | |
| स्नातक चौथो वर्ष | १५ | ३४ | | | ४९ | | |
| | | | | जम्मा | २२६ | | |

यस क्याम्पसमा अध्ययनरत विद्यार्थी मध्य बहुसङ्ख्यक विद्यार्थी छात्रा रहेका छन् ।

यस क्याम्पसले विगत ३ वर्षदेखि ३० प्रतिशत भन्दा बढी विद्यार्थी उर्तिर्ण गराउन सफल भएको छ ।

| शैक्षिक वर्ष | प्रथम | दोस्रो | तेस्रो | चौथो |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ०७७/०७८ | ७०मा ३१ | ५०मा ३५ | ६०मा ३२ | ६४मा ३७ |
| ०७८/०७९ | ९७मा ३७ | ७०मा ३२ | ५०मा २३ | ६०मा ३४ |
| ०८०/८१ | ३२मा १० | ५०मा १५ | ५१मा ३९ | ५०मा १६ |
| ०८१/८२ | ३२मा १० | ५०मा १५ | ५१मा ३९ | ५०मा १६ |
| | | | | |

शैक्षिक गुणस्तर वृद्धि गर्न अझै प्रयास गर्ने साथै आन्तरिक परीक्षालाई अधिक उपयोग गर्दै जाने योजना रहेको छ ।

**३. भौतिक उपलब्धी**

यो क्याम्पस सोलुखुम्बुको विकट बस्ती सोताङ गाँउपालिका अबस्थित रहेको पनि यस क्षेत्रका गरीव जनताका छोराछोरीलाई शिक्षा दिन सफल भएको क्याम्पस हो । यस क्याम्पसको नाममा पास भैसकेको $१३\frac{१}{२}$ रोपनी जग्गा क्याम्पसको नाममा रहेको छ । विकट ठाँउमा यो क्याम्पस भए पनि यहाँका जनता राजनीतिक दल समाजसेवी र बुद्धिजीवीको सकरात्मक साथ र सहयोगले यस क्याम्पसलाई पुगेको छ । तसर्थ यस क्याम्पसको भविष्य उज्ज्वल रहेको देखिन्छ । हाल सोताङ गाउँ पालिका र विश्व विद्यालय अनुदान आयोगको सहयोगमा निर्माण गरिएको २७ कोठा भएका ५ वटा भवन रहेको छ । १ खेलमैदान , ३ शौचालय(७ कोठे), १ धारा रहेको छन् । यस क्याम्पसमा १६० जोर डेक्सबेञ्च रहेका छन् । यो पटक विश्व विद्यालय अनुदान आयोगको फर्निचर शिर्षक बाट ८ ४२ जोर राम्रो डेस्क बेन्च र दुई सेट सोफा सेट खरिद प्रकृयामा रहेको छ । १ आइसिटी ल्याव जसमा १८ वटा कम्प्युटर, २ फोटोकपी मेसिन, १ प्रिन्टर, १३ वटा ल्यापटप, ६ वटा प्रोजेक्टर, ६स्मार्ट वोर्ड रहेको छ ।

क्याम्पसको १ लाइबेरी जसमा ५ हजार पुस्तकहरु रहेका छन् । त्यसैगरी प्रत्येक रुममा लेक्चर टेबल र सेतो १ प्रोजेक्टर प्रोजेक्टर स्मार्ट बोर्ड नभएको कक्षा कोठमा सेतो पाटी रहेको छ  करिव १२ ओटा कोठामा सि.सि.क्यामेरा जडान गरिएको छ ।    ।

भौतिक पक्षलाई निम्न तालिकामा देखाउदा

| भवन | क.ल्याव | कम्प्युटर | प्रोजेक्टर | प्रिन्टर | ल्यावटप | पुस्तक | फर्निचर | कुर्सी टेवल |
|---|---|---|---|---|---|---|---|---|
| ५ | १ | १८ | ६ | ३ | १२ | ५,००० | २१० | ५० |

यस क्याम्पसको स्थापनाको समयलाई हेर्दा क्याम्पसको भौतिक विकास द्रुत गतिमा भएको देखिन्छ ।

### ४. आर्थिक पक्ष

यस क्याम्पस विद्यार्थी भर्नाशुल्क, चन्दा, विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार, स्थानिय सरकार को आर्थिक सहयोगमा सञ्चालन भएको छ । विगत ३ वर्षदेखि विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदानमा वृद्धि हुदै गएको छ भने गाउँपालिका बाट दिइने अनुदान सहयोगमा केही ह्रास आएको छ । विगत ३ वर्षदेखिको आर्थिक आय व्याय विवरणलाई हेर्दा विगत २ वर्षदेखि विद्यार्थी वृद्धि भए पनि कोभिडका कारण लामो समय सम्म परीक्षा नहुँदा आर्थिक व्यायभार बढेको छ ।

## विद्यार्थी शूल्क

| **भर्ना शुल्क** | **मासिक शुल्क** | **जर्नल शूल्क** | **क्यालेण्डर शूल्क** | **खेलकुद** |
|---|---|---|---|---|
| **५०००** | **१०००** | **५००** | **५०** | **४५०** |

यस क्यम्पसमा वार्षिक रुपमा विद्यार्थीहरुबाट माथि उल्लेखित बमोजिम शुल्क लिने गरिएको छ ।

आ.व.०७७/०७८

| क.स. | अम्दानी शीर्षक | रकम | खर्च शीर्षक | रकम | कै |
|---|---|---|---|---|---|
| १ | गत आब अल्या | ९४८००० | भ्रमण खर्च | १५६७८० | |
| २ | मुद्धति | ६५०००० | त.भ. | २२२६३५१ | |
| ३ | च.खाता सानोठिमी | १९०९८ | मसलन्द | २८४०० | |
| ४ | च. खाता सल्लेरी | ८०४९८ | विजुली | ० | |
| ५ | कृषिविकास बैंक | १२५२८५१ | जर्नल | १००००० | |
| ६ | विद्यार्थी भर्ना | ९४८००० | वि.वि.अ.आ नियमित | ८३५९३६ | |
| ७ | | ० | ले.प शुल्क | २५००० | |
| ८ | गा.पा अनुदान | ४५२००० | सापटी फीर्ता | ६१४४२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सन्दा सहयोग | ० | परीक्षा शुल्क | २२३७५८ | |
| १० | ugc | ६९७२००० | विविद भर्पाइ | ५५३९९ | |
| ११ | व्याज आम्दानी | ० | संचार खर्च | ११५०० | |
| १२ | उच्च मा.वि परीक्षा | ० | त्रि.वि. खर्च | ०१५४०६० | |
| १३ | जग्गा आम्दानी | ५००० | वयभ साइट खर्च | ४०००० | |
| १४ | क्याम्पस प्र. सापटी | ३८७८०७ | आन्तरिक परीक्ष खर्च | २६६७७० | |
| १५ | शिक्षा वि.नि. धनकुटा | ० | खड्का स्टोर्स | ३८३५० | |
| १६ | रा.ब.के.का. | २००००० | क्यालेण्डर खर्च | २०००० | |
| १७ | प्राध्यापक त.भ दायित्व | १४११००० | केन्द्राध्यक्ष खर्च | १८०००० | |
| १८ | भवन निर्माण दायित्व | २७०००० | आइ.सि.टी खर्च | ८९९३० | |
| १९ | | | भवन वि.वि.अ.आ. | ५०००००० | |
| २० | | | खेल सामग्री | १७४४० | |
| २१ | | | स्टेशनरी खर्च | ७४५८५ | |
| २२ | | | अतिथि व्यवस्थापन | ८८६०० | |
| २३ | | | खेल ड्रेस | रु१३००० | |
| | जम्मा | ११५८६२५३ | | ८६९६७४७ | |

आ.व.०७८/०७९

| क्र.स. | अम्दानी शीर्षक | रकम | खर्च शीर्षक | रकम | कै |
|---|---|---|---|---|---|
| १ | गत आब अल्या | | भ्रमण खर्च | ३०६५८५ | |
| २ | मुद्धति | ६५०००० | त.भ. | २२२६६७० | |
| ३ | च.खाता सानोठिमी | १९९८ | मसलन्द | ८४८४८ | |
| ४ | च. खाता सल्लेरी | १०३१४८ | राजस्व खर्च | ४१६९७ | |
| ५ | कृषिविकास बैंक | ० | जर्नल | १९९९९९ | |
| ६ | विद्यार्थी भर्ना | ३५१६००० | डिजिटल बोर्ड | ४५००० | |
| ७ | | ० | ले.प शुल्क | ३५००० | |
| ८ | गा.पा अनुदान | ७८९३८१ | इलेक्ट्रीक सामग्री | ७३३१० | |
| ९ | सन्दा सहयोग | ० | परीक्षा शुल्क | ४१६९७ | |
| १० | ugc | ३९८८००० | विभिद भर्पाइ | ३७४३६० | |
| ११ | व्याज आम्दानी | ० | संचार खर्च | ११११०० | |
| १२ | उच्च मा.वि परीक्षा | ८४२८८ | त्रि.वि. खर्च | ५१३०५५ | |
| १३ | जग्गा आम्दानी | ५००० | वयभ साइट खर्च | ४०००० | |
| १४ | क्याम्पस प्र. सापटी | | आन्तरिक परीक्ष खर्च | २६६७७० | |
| १५ | शिक्षा वि.नि. धनकुटा | ० | खड्का स्टोर्स | ० | |
| १६ | रा.ब.के.का. | ० | क्यालेण्डर खर्च | २०००० | |
| १७ | प्राध्यापक त.भ दायित्व | ० | आ.परीक्षा खर्च | २१०००० | |
| १८ | भवन निर्माण दायित्व | ० | पुस्तक खरिद | ५४११ | |
| १९ | | | भवन डिजाइन | ३५००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | | | खेल सामग्री | ५८७१० | |
| २१ | | | स्टेशनरी खर्च | ७४५८५ | |
| २२ | | | अतिथि व्यवस्थापन | २९९५० | |
| २३ | | | खेल ड्रेस | रु६४०२० | |
| | जम्मा | ८३८२६६९ | | ३९३३२५५ | |

आ.व.०८०/०८१

| क.स. | अम्दानी शीर्षक | रकम | खर्च शीर्षक | रकम | कै |
|---|---|---|---|---|---|
| १ | गत आब अल्या | | भ्रमण खर्च | २२०९०० | |
| २ | मुद्धति | ६५००००० | त.भ. | ७५७८५० | |
| ३ | च.खाता सानोठिमी | १९९८ | मसलन्द | ८७८३२ | |
| ४ | च. खाता सल्लेरी | १९९८०५ | राजस्व खर्च | | |
| ५ | कृषिविकास बैंक | ७७५७२७ | जर्नल | १२०००० | |
| ६ | विद्यार्थी भर्ना | २३७७००० | डिजिटल बोर्ड | | |
| ७ | | ० | ले.प शुल्क | ३५००० | |
| ८ | गा.पा अनुदान | ० | इलेक्ट्रीक सामग्री | ७३३१० | |
| ९ | चन्दा सहयोग | ० | परीक्षा शुल्क | २८८२४५ | |
| १० | ugc | ३१९७९८२ | विभिद भर्पाइ | २९५५०० | |
| ११ | व्याज आम्दानी | ० | संचार खर्च | १२००० | |
| १२ | उच्च मा.वि परीक्षा | ९२९४२ | त्रि.वि. खर्च | २८८२४५ | |
| १३ | जग्गा आम्दानी | ० | वयभ साइट खर्च | | |
| १४ | क्याम्पस प्र. सापटी | २६१२१७ | आन्तरिक परीक्ष खर्च | २६६७७० | |
| १५ | शिक्षा वि.नि. धनकुटा | ० | भबनको दायीत्व तिरेको | १४९७५१८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | रा.ब.के.का. | ० | क्यालेण्डर खर्च | १५५०० | |
| १७ | प्राध्यापक त.भ दायित्व | ० | आ.परीक्षा खर्च | २१०००० | |
| १८ | भवन निर्माण दायित्व | ८८३५५७ | पुस्तक खरिद | ४२२००० | |
| १९ | | | भवन डिजाइन | | |
| २० | | | खेल सामग्री | ५८७१० | |
| २१ | | | स्टेशनरी खर्च | ७४५८५ | |
| २२ | | | अतिथि व्यवस्थापन | २९९५० | |
| २३ | | | खेल ड्रेस | रु१४००० | |
| | जम्मा | ८४४०२२८ | | ४७५२४१५ | |

आ.ब.२०८१/८२

| क.स. | अम्दानी शीर्षक | रकम | खर्च शीर्षक | रकम | कै |
|---|---|---|---|---|---|
| १ | गत आब अल्या | | भ्रमण खर्च | | |
| २ | मुद्धति | ६५०००० | त.भ. | २६८५०१५ | |
| ३ | च.खाता सानोठिमी | १९९८ | मसलन्द | १२२४१० | |
| ४ | च. खाता सल्लेरी | १९९८०५ | विजुली ,खानेपानी | | |
| ५ | कृषिविकास बैंक | ७७५७२७ | जर्नल | | |
| ६ | विद्यार्थी भर्ना | ३८२५५०० | विविध | २४५०० | |
| ७ | Equty Grant | ८०००००। | ले.प शुल्क | ३५००० | |
| ८ | कोशी प्रदेश अनुदान | ३८७१७८ | विज्ञापन | १४१० | |
| ९ | फर्निचर Ugc | ६००००० | परीक्षा शुल्क | ३२६२११ | |
| १० | Ugc नियमित अ. | १६३६३६० | विविद भर्पाइ | | |
| ११ | व्याज आम्दानी | | संचार खर्च | १२७०० | |
| १२ | उच्च मा.वि परीक्षा | ९८९५३ | खडका स्टोर | १२१०१४ | |
| १३ | विद्यार्थ बाटआम्दानी | ३७५०९२८ | वयभ साइट खर्च | | |
| १४ | क्याम्पस प्र. सापटी | | परीक्षा खर्च | ३२६२१० | |
| १५ | शिक्षा वि.नि. धनकुटा | | भ्रमण खर्च | २७०४४० | |
| १६ | रा.ब.के.का. | | आर्थिक सहयोग | २२५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | प्राध्यापक त.भ दायित्व | | केन्द्राध्यक्ष खर्च | ३२६२१० | |
| १८ | भवन निर्माण दायित्व | ० | खानेपानी स.खर्च | ७१७६८ | |
| १९ | | | भवन डिजाइन | | |
| २० | | | खेल सामग्री | | |
| २१ | | | स्टेशनरी खर्च | | |
| २२ | | | अतिथि व्यवस्थापन | १२७५५९ | |
| २३ | | | ड्रेस | १४२५०० | |
| | जम्मा | ७२७३७१९ | | ६५६२३२१ | |

माथि उल्लेखित डाटालाई हेर्दा गत आ.व.मा भन्दा यस आ.व.मा आर्थिक अवस्था सुदृढ देखिएको छ । आर्थिक उपार्जनका काम गरी आगामी आ.व.मा आर्थिक दृद्धि गरिने छ ।

**लेखा परीक्षकको राय सुझाव तथा टिप्पणीहरु**

**१,** क्याम्पसमा राखिएको वित्तिय स्थितिको विवरण, आम्दानी र खर्चको विवरण,नगद प्रवाहको विवरण,कोषमा तथा इक्विटीमा भएको परिवर्तनको विवरण,लेखानिति तथा टिप्पणी र तत् सम्बन्धी अनुसुचीहरु संस्थाले राखेको हिसाव सँग दुरुस्त छैनन् ।

२, संस्थाको स्वामित्वमा रहेको गैर चालु संपक्ति(स्थिर संपत्तिका) अद्यावधिक अभिलेख नराखिएको ।

३, क्याम्पस व्यावस्थापन बाट पेश भएको वित्तिय विवरण प्रचलित अभ्यास तथा रीत पुर्वक राखेको पाईएन ।

४, समग्र वित्तीय विवरण तथा कारोवारले यस संस्थाको वित्तीय स्थिति सन्तोषप्रद देखिन्छ ।

**५. सामाजिक प्रगति**

यस सोताङ पब्लिक क्याम्पसले सम्पूर्ण जनतालाई वार्षिक रुपमा आफ्ना छोरा छोरीहरुलाई यस क्याम्पसमा भर्ना गराउन अभियान चलाउने गरेको छ । विद्यार्थी अनुपस्थित भएमा

अभिभावकलाई बोलाएर सोध्ने र समस्या भएको भए सहयोग गर्ने गरिएको छ ।क्याम्पसलाई आर्थिक सङ्कलन गर्नका लागि अभियान संचालन गर्ने गरेकोछ । यस क्षेत्रका जनता यस क्याम्पसको विकासका लागि हरपल लागिरहनु भएको छ । यस क्षेत्रका राजनीतिक दल, समाजसेवी, बुद्धिजीवी यस क्याम्पसको बृहत्तर हितको लागि लागि रहनु भएको छ । स्थानीय सकारले यस क्याम्पसको भौतिक र शैक्षिक विकासका लागि महत्त्वपूर्ण सहयोग गर्दै आएको छ ।

सोताङ पब्लिक क्याम्पस समुदायमा संचालित क्यामपस भएको हुनाले समाजसंग यसको महत्वपुर्ण र सुमधुर सम्बन्ध रहेको छ । नाफा रहित सामुदायीक क्याम्पसको सामाजिक उत्थान र बिकासमा महत्वपुर्ण सम्बन्ध हुने भएकोले यस क्याम्पसले सामाजिक बिकासमा टेवा पुऱ्याउने खालका कामहरुमा सहयोग गरेको छ । नगरको दिगो बिकासका योजना तर्जुमा देखि वडाका योजना तर्जुमा, दिगो बिकासका आधारहरु पहिल्याउने कार्यहरु, समाजलाई सकारात्मक सोच तर्फ अगाडी बढाउने काममा यस क्याम्पसले योगदान गरेको छ ।

**सोताङ क्याम्पसको समुदायप्रति योगदान पुऱ्याउने योजना**

- आर्थिक रुपमा कमजोर बिद्यार्थीका लागि विशेष छात्रबृत्तिको योजना । समाजमा रहेको बिपन्न बर्गका जस्तै जनजाति, दलित र शैक्षिक रुपमा पिछडिएका बिद्यार्थीलाई सर्बसुलभ शिक्षाको पहुच पुऱ्याउने ।
- निशूल्क स्वास्थ शिविरहरु संचालन
- रक्तदान कार्यक्रम संचालन गर्ने
- स्थानीय समुदायलाई रोजगारमुलक शिक्षा प्रदान गर्ने
- बेरोजगार युवाहरुलाई सिपमुलक शिक्षा दिने
- कर शिक्षाको ज्ञान ब्यवसायीहरु लाई दिने
- कानुनको समान्य ज्ञान दिन गोष्ठीहरु आयोजना गर्ने

**समुदायलाई क्याम्पस प्रति उत्तरदायि बनाउने योजना**

- समग्र समुदायलाई परिचालन गर्ने
- समुदायका अगुवाहरुलाई क्याम्पसको सभासद बन्न अभिप्रेरीत गरी योजना तर्जुमागर्नमा सहभागी गराउने  र दिर्घकालीन लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने
- समाजका सम्पन्न व्यक्तिहरुलाई गरिब बिद्यार्थी अध्ययनका लागि अक्षयकोष खडागर्न लगाउने
- सामुदयिक क्याम्पसको महत्वबारे समुदायलाई जानकारी गराउने

**समस्याहरु एवम् चुनौतिहरु**

सोताङ पब्लिक क्याम्पसका अल्पकालीन चुनौतिहरु

- विश्वबिद्यालय अनुदान आयोगबाट क्यु ए ए प्राप्त गर्न
- विश्वबिद्यालय अनुदान आयोगबाट क्याम्पस उच्च शिक्षा परियोजनामा (HERP) मा छनोट हुन पर्यत्न गर्ने सोहीअनुसार काम गर्न चुनौतीहरु छन ।
- पुस्तकालयलाई व्यवस्थित गर्न र पर्याप्त पाठ्यपुस्तकहरु व्यवस्था गर्न  ।
- पर्याप्त प्रशासनिक कक्षहरु निर्माण गर्न  ।
- भविष्यमा यस क्याम्पसमा
- BBs/Med  जस्ता बिषय थप र स्तर वृद्धि  गर्ने सोच भएकोमा आवस्यक पूर्बाधार तयार गर्ने  ।
- क्याम्पसमा पुर्णकालीन प्राध्यापकहरुको संख्या कम भएकोमा आवश्यक संख्यामा शिक्षक कर्मचारी पुर्णकालिन बनाउने प्रयास गर्ने ।

**क्याम्पसका भावी योजनाहरु**

- यस क्याम्पसले धेरै चुनौतीहरुको सामना गरिरहेको छ । समय सापेक्ष गुणस्तरीय शिक्षा दिने र आवस्यकता अनुसार  थप संकायहरु थपगर्ने योजना क्याम्पसले अंगीकार गरेको छ ।

- सोताङ पब्लिक क्याम्पसलाई बिश्वबिद्यालय अनुदान आयोगबाट उच्च शिक्षा सुधार परियोजना अर्न्तगतको  मापदण्डमा रहेर क्याम्पसको रणनीतिक योजना अनुसार कार्यसम्पादन गरी क्यु ए ए प्राप्तिकालागि आवश्यक कार्यहरु गर्ने ।
- क्याम्पसका सबै कामहरु समयबद्ध एबं योजनाबद्ध रुपमा गर्ने ।
- क्याम्पसले रिसर्च जर्नल प्रकाशन कार्यलाई निरन्तरता दिर्दै जाने साथै बिद्यार्थीका प्रतिभालाई उजागर गर्न  बिद्यार्थीका लेख, रचना र पत्रिका प्रकाशनलाई निरन्तरता दिने ।
- दीर्घकालीन विकास र दिगो विकासकालागि आम्दानीका स्रोतहरुको खोजी गरी आयस्रोत बृद्धि गर्ने  ।
- आवश्यकता अनुसार कमजोर बिद्यार्थीहरुलाई अतिरिक्त कक्षा संचालन गरी उनीहरुको अध्यनमा सघाउ  पुऱ्याउने ।
- शिक्षक तथा कर्मचारीहरुको शिप बिकास गर्नकालागि समय सापेक्ष पुर्नताजगी कार्यक्रमहरु संचालन गर्ने ।
- बिद्यार्थी छात्रबृती कार्यक्रमलाई निरन्तर तथा प्रभावकारी बनाउनकालागि बिभिन्न छात्रबृत्ति अक्षयकोषहरु खडागर्ने ।
- क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई निरन्तर एब प्रभावकारी बनाउनकालागि यसै बर्ष २०७९  देखि गुनासो संकलन तथ समाधानको ब्यवस्था सुरु गरीएको ।
- क्याम्पसमा पुर्णकालीन शिक्षक तथ कर्मचारीको संख्या बृद्धिगर्दै जाने र करार तथा आंशिक शिक्षक तथा  कर्मचारीहरु को संख्या घटाउदै लगिने ।
- प्रध्यापक कर्मचारीहरुलाई स्थायि गर्दै लगिने ।
- यस क्याम्पसमा अध्ययन गरिसकेका बिद्यार्थीहरुको तथ्यांक संकलन गरी संजाल तयार गर्ने ।

**दीर्घकालीन चुनौतिहरु र समाधान गर्ने उपायहरु**

यस सोताङ क्याम्पसले विविध क्षेत्रमा देखा परेको समस्या र समाधानका उपायहरु निम्नाअनुसार उल्लेख गरिन्छ ।

## १ क्याम्पसमा सन्चालन गरिने बिषयहरु

यस क्याम्पसमा हाल एक मात्र संकाय संचालनमा रहेको छ । यो संकाय र तहमात्रले क्याम्पसको विकास र बिस्तार नहुने हुँदा भविष्यमा Bachelor in Travel and Tourism Management (BTTM), Bachelor in Hotel Management (BHM) MBS Semester System Med कक्षा स्तर उन्नति आदिको सम्बन्धन त्रि.बि. बाट लिएर क्याम्पस बिकास गर्ने लक्ष्य लिईएको छ । जस मध्ये M.ed कक्षा सञ्चालनको लागि यसै शैक्षिक बर्षमा त्रिभुवन विश्व विद्यालय सँग अनुमतिका लागि प्रकृया अगाडी बढाईने छ भने वाकी बिषयका लागि त्रि. बि. मा आशयपत्र पेशगरी अनुमतिकालागि प्रयास आगामी ५ बर्ष भित्रमा यी बिषयहरुको सम्बन्धन अनुमति लिने र कक्षा संचालन गर्ने लक्ष्य लिईएको छ ।

## २ भौतिक संरचना

क्याम्पसले आगामी ५ बर्ष भित्रमा सुबिधा सम्पन्न भवन मा २७ वटा कक्षा कोठालाई प्रशासनिक, अध्यापन गर्न, लाईब्रेरी तथा सभाहलको रुपमा ब्यवस्थित गर्नेछ । यसले पठन पाठनलाई थप सहयोग पुऱ्याउने छ । क्याम्पसमा चमेना गृहलाई ब्यवस्थित गरिने छ र अनुसन्धानकालागि स्थानको ब्यबस्था गरिनेछ । पिउने पानीको ब्यबस्था गरिने छ । खेल मैदानकालागि क्याम्पस परिसर संगै रहेको जग्गालाई उपयोगमा ल्याईनेछ । त्यहा रहेको फुटवल ग्राउण्ड, बास्केटबल कोर्ट, ब्याडमिनटन कोर्ट, एथलेटिक्स आदिलाई अधिकतम उपयोग गरिनेछ ।

## ३ आर्थिक अवस्था

क्याम्पसको दैनिक तथा प्रशासनिक कार्य सन्चालनमा समेत नियमित आम्दानीको स्रोत पर्याप्त नभएको अवस्थामा क्याम्पस सन्चालनकालागि आवश्यक पर्ने साधन र स्रोत जुटाउनु पर्ने महत्वपूर्ण चुनौती रहेको छ । बिषेश गरी सामुदायिक क्याम्पसहरुलाई सहयोग गर्दै आएको विश्व विद्यालय अनुदान आयोग मा QAA प्राप्त गर्ने भरपुर प्रयास र दातृ निकाय तथा संघसस्थाको खोजी गरी आर्थिक अवश्थालाई सबल बनाउने कार्यमा जोड दिईनेछ ।

## ४ शिक्षक कर्मचारी सम्बन्धी ब्यवस्था

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीह्रुको उत्प्रेरणा र सन्तुष्टि बिना कार्य सम्पादन प्रभावकारी नहुने  हुदा कर्मचारीहरुको बृत्ति बिकासकालागि बिशेष कार्यक्रमहरु अगाडि बढाउनु पर्ने हुनाले प्रध्यापक तथा  कर्मचारीहरुलाई पहिले पुर्णकालिन गराउने र त्यस पश्चात स्थायि गराईने नीति लिईनेछ ।

## ५ बिद्यार्थी संख्या

क्याम्पस संचालनको प्रमुख आधार भनेका बिद्यार्थी हुन । बिद्यार्थीहरु को संख्यामा बृद्धि गर्नु पर्ने अर्को चुनौती  रहेको छ । आगामी १० बर्ष भित्रमा १००० बिद्यार्थी संख्या पुर्‍याउने रणनितिक कार्यक्रम लिएर क्याम्पसलाई  अगाडी बढाईने छ । त्यसकालागि निम्न अनुसारको संकायगत वा तहगत संरचना अनुसार क्याम्पसमा  बिद्यार्थीहरुको संख्यात्मक बृद्धि गर्ने लक्ष्य लिईएको छ ।

**क्याम्पसको भावी योजना र संकाय तथा बिद्यार्थीको १२ बर्षे प्रक्षेपण**

Year Level MED MBS BTTM/BHM BBS BBA

Total **Semester Semester First year Second year Third year Forth year**

| | | | | |
|---|---|---|---|---|
| 2083 BBS | 103 | 37 | 23 | 27 |
| 2084 BBS | 180 | 90 | 60 | 60 |
| 2086 SEM I | 180 | 140 | 100 | 90 |
| 2087 SEM II | 180 | 160 | 150 | 120 |
| 2088 SEM III 120 | 180 | 160 | 150 | 120 |
| 2089 SEM IV 160 | 180 | 160 | 150 | 120 |
| 2090 SEM V | 180 | 160 | 150 | 120 |

**६ गुणस्तर बृद्धि**

पठन पाठन लाई समयानुकुल प्रभावकारी र गुणस्तरीय बनाउनकालागि विभिन्न बिधिहरुको प्रयोग गरिनेछ । यसले परीक्षाको नतिजामा सकारात्मक प्रतिफल ल्याउनेछ । यसका लागि श्रब्यदृस्य सामग्रीको प्रयोग, ईन्टरनेटमा सबैको पहुच, र आबस्यकता अनुसार थप कक्षा संचालन गरिनेछ । नतिजाको आधारमा प्रध्यापक कर्मचारीहरुलाई पुरस्कार र दण्डको ब्यबस्था गरिनेछ । अनुसन्धानमा रुची राख्ने शिक्षकहरुका लागि लघु अनुसन्धानका कार्यक्रमहरु संचालन गरिनेछ ।

**आर्थिक बर्ष २०८२।०८३ को क्याम्पसको रणनैतिक योजना**

- क्यु ए ए प्राप्त क्याम्पसहरुको अवलोकन भ्रमण
- पन्चवर्षीय रणनीतिक योजना विश्वबिद्यालय अनुदान आयोगमा पेश गरिने
- त्रि. बि. बि. मा BBS, Med संम्बन्धन अनुमति लिन पहल गरिने
- प्रध्यापकहरुको क्षमता अभिबृद्धि गर्नका लागि गोष्टीहरु आयोजना गरिएको
- सूचनामा पहुच पुऱ्याउनका लागि क्याम्पसको आफ्नो बेभसाईड संचालनमा ल्याईने
- बिद्यार्थीहरुका गुनासाहरु समाधान गर्नकालागि गुनासो पेटीका राखिएका र त्यसलाई कारबाहीमा ल्याईएको ।
- उल्लेखीत कार्यहरु गर्नकालागि आ. ब मा बजेट बिनीयोजन गरिएको छ ।

**क्याम्पसप्रति समुदायको योगदान**

सोताङ पब्लिक क्याम्पसको स्थापना, संचालन र विकासमा समुदायको महत्वपुर्ण योगदान रहेको छ । सोलु जिल्लाको कोशी पारी क्षेत्रमा यो क्याम्पस पहिलो र एक मात्र सामुदायिक क्याम्पस हो । यस क्याम्पसको संचालक समितिको गठन, संचालन र प्रर्बद्धनमा स्थानीय समूदायको महत्वपुर्ण योगदान रहेको छ ।

समय समयमा यस क्याम्पसलाई आर्थिक सहयोग देखि अन्य सहयोग समुदायले पुऱ्याईरहेको छ । समुदायको योगदानलाई अडिट रिपोर्टमा पनि उल्लेख गरिएको छ ।

## २.४ अल्पकालीन र दिर्धकालीन चुनौतिहरु

सोताङ पब्लिक क्याम्पसका विविध क्षेत्रमा देखापरेका समस्या समाधानका उपायहरु तल उल्लेख गरिएको छ । क्याम्पसले यी समस्याहरु समाधान गर्नकालागि उचित ध्यान दिएर काम गर्नेछ । सबै समस्याहरु एकैपटक समाधान गर्न सकिदैन । प्राथमिकताको आधारमा समस्याहरुको समाधान गरिनेछ ।

- क्याम्पसमा हाल संचालित संकायहरुमा विद्यार्थीहरुको आर्कषणमा कम हुनु,
- विदेशी विश्वविद्यालयहरुबाट सम्वन्धन प्राप्त निजी क्याम्पसहरुको अस्वस्था प्रतिस्पर्धा,
- भौतिक संरचना निर्माण तथा शैक्षिक कार्यक्रम विस्तारका लागि प्रर्याप्त आर्थिक जगेडा कोष नहुनु,
- छात्रावासको व्यवस्था गर्न नसकिएको,

**चुनौती न्युनिकरण गर्न अपनाईएका उपायहरु**

– बिद्यार्थीहरुको भर्नालाई आकर्षक बनाउन का लागि भईरहेको B.Ed. कार्यक्रमलाई आन्तरिक सेमेस्टेर मोडल मा लैजाने
– बार्षिक कम्तीमा ३ बटा आन्तरिक परीक्षा संचालन गर्ने
– नयां रोजगार मुलक बिषयहरु संचालनका लागि त्रि बि बि बाट सम्बन्धन लिने
– नतिजाको आधारमा प्राध्यापक कर्मचारीलाई तलब तथा प्रोत्साहनको ब्यवस्थागर्ने
– बिद्यार्थीका गुनासो सुन्नका लागि गुनासो पेटीका राख्ने

**भविष्यमा संचालन गरिने बिषयहरु**

क्याम्पसमा हाल सन्चालनमा रहेका बिषयहरुमा बिद्यार्थीहरुको आर्कषण कम भएका कारण कतिपय बिषयहरु विद्यार्थीसंख्या कम भएर आगामी दिनमा संचालन गर्न नसकिने चुनौतीहरु रहेका छन । यसका लागि मुख्यतया पर्यटकीय लगायत सोलुका सबै क्षेत्रका विद्यार्थी उपयोगी हुने पेशागत र प्राबिधिक खालका विषयहरु थप गर्ने प्रयास गरिनेछ । आगामी ५ बर्ष भित्रमा स्नात्तक तहका कम्तीमा १ वटा कार्यक्रम र स्नात्तकोत्तर तहको कक्षा संचालन गरिनेछ ।

**भौतिक संरचना**

स्थानिय सरकार,प्रदेश सरकार र विश्व विद्यालय अनुदाय आयोगको सहयोगमा हाल यो क्याम्पसमा ५ ओटा भवन मा २७ ओटा कोठाहरु छन । २७ ओटा कोठा मध्ये ५ ओटा कोठामा प्रोजेक्टर र ६ ओटा कोठामा स्मार्ट बोर्ड जडान गरिएको छ अव वाकी कोठाहरुमा पनि जोडदै लगिनेछ । आधुनिक खालको लाईब्रेरी र आवश्यक प्रशासनिक निकायको ब्यवस्था गरिनेछ । क्यामपस उच्च शिक्षा सुधार परियोजनामा UGC मा छनोट हुने प्रयत्न गर्ने र क्याम्पसको आन्तरिक स्रोत तथा जनसहभागिता र स्थानीय सरकारको सहयोगमा भौतिक निर्माण काम गरिनेछ । पहिलो ५ बर्षमा क्याम्पसकमा रणनितिक योजना अन्तर्गत सुबिधा सम्पन्न कक्षा कोठाहरुको निर्माणलाई ध्यान दिइनेछ ।

चमेनागृह, पुस्तकालय, ल्याब, निर्माणकार्य स्तर उन्नति गर्नकालागि आवश्यक रकमको व्यवस्था गरिनेछ ।

**आर्थिक अवस्था**

क्याम्पसको दैनिक तथा प्रशासनिक कार्य सञ्चालनमा समेत नियमित आम्दानीको स्रोत पर्याप्त नभएको अबस्थामा क्याम्पस संचालनका लागि आवस्यक पर्ने साधन र स्रोत जुटाउनु पर्ने महत्वपुर्ण चुनौती रहेको छ । तसर्थ सरोकार वालाहरुसंग सहकार्य गरी आर्थिक सहयोगको कार्यलाई मजबुत बनाउदै अन्य दातृ निकाय एवम संघसस्थाको खोजी गरी आर्थिक अवस्थालाई सबल बनाउने कार्यमा जोड दिईनेछ ।

**शिक्षक कर्मचारी सम्बन्धी ब्यवस्था**

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको उत्प्रेरण र सन्तुष्टि बिना कार्य सम्पादन प्रभाबकारी नहुने हुदा कर्मचारीको बृत्ति बिकासका लागि बिशेष कार्यक्रमहरु संचालन गरिनेछन । पूर्णकालिन शिक्षकहरुलाई तथा कर्मचारीहरुलाई क्रमश स्थायि गरिदै लागिने नीति लिईने छ । साथै पूर्णकालीन शिक्षक तथा कर्मचारीहरुलाई नेपाल सर कारले तोके बमोजिम न्युनतम तलबको ब्यवस्था गरिनेछ । बृत्ति विकासकालागि आवश्यक तालिम तथा अध्ययन मार्फत क्षमता अभिबृद्धि गर्नकालागि समेत क्याम्पसले ध्यान दिनेछ ।

सोताङ पब्लिक क्याम्पसमा गुणस्तर निरिक्षण तथा अनुगमनका लागी निम्नअनुसार उपसमिति गठन गरि कार्य प्रारम्भ भएको छ ।

संयोजक, वीरकुमार राइ

सदस्य वीरबहादुर राइ

सदस्य लक्ष्मी बस्नेत

यस साधारण सभामा उपस्थित भई यो प्रतिवेदनलाई सुनिदिनुर्भकोमा र यस सम्मानित सभाले यस प्रतिवेदनलाई पारित गरिदिनुभएकोमा धन्याद व्यक्त गर्दै म बिदा हुन चाहन्छु ।

## चालु आ.व.को अनुमानित बजेट

| क.स. | अम्दानी शीर्षक | रकम | खर्च शीर्षक | रकम | कै |
|---|---|---|---|---|---|
| १ | गत आब अल्या | | भ्रमण खर्च | | |
| २ | मुद्धति | ६५0000 | त.भ. | ३५,00,000। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | च.खाता सानोठिमी | | मसलन्द | १२२४११ | |
| ४ | च. खाता सल्लेरी | | विजुली ,खानेपानी | ५०००० | |
| ५ | कृषिविकास बैंक | | जर्नल | ६५००० | |
| ६ | विद्यार्थी भर्ना | ४५००००० | विविध | २४५०० | |
| ७ | Equty Grant | २०००००। | ले.प शुल्क | ३५००० | |
| ८ | कोशी प्रदेश अनुदान | | विज्ञापन | ३५००० | |
| ९ | फर्निचर Ugc | ६००००० | परीक्षा शुल्क | ३२६२११ | |
| १० | Ugc नियमित अ. | २०००००० | तालिम गोष्ठि | १५०००० | |
| ११ | व्याज आम्दानी | | संचार खर्च | १२७०० | |
| १२ | उच्च मा.वि परीक्षा | ९८९५३ | खडका स्टोर | | |
| १३ | विद्यार्थ बाटआम्दानी | | वयभ साइट खर्च | ५०००० | |
| १४ | क्याम्पस प्र. सापटी | | परीक्षा खर्च | ३२६२१० | |
| १५ | स्थानिय प्रदेश सरकार अनुदन | १५००००० | भ्रमण खर्च | २२५००० | |
| १६ | रा.ब.के.का. | | दायित्व | ५००००० | |
| १७ | प्राध्यापक त.भ दायित्व | | केन्द्राध्यक्ष खर्च | १८००००। | |
| १८ | भवन निर्माण दायित्व | | खानेपानी स.खर्च | | |
| १९ | | | भवन डिजाइन | ५०००० | |
| २० | | | खेल सामग्री | ३५००० | |
| २१ | | | स्टेशनरी खर्च | ७५००० | |
| | | | | | |
| २२ | | | अतिथि व्यवस्थापन | १२७५५९ | |
| २३ | | | ड्रेस | १४२५०० | |
| | जम्मा | ११३४८९५३ | | ५८७४६८० | |

माथि उल्लेखित बजेट व्यवस्थापन गर्न गा.पा.अनुदान प्रदेश अनुदान चन्दा , विद्यार्थी शुल्क,क्याम्पसको जग्गाको आम्दानीबाट व्यवस्थापन गरिनेछ। यो अनुमानित बजेट पुरा गर्न क्याम्पस संचालक समितिका सबै मिलेर पुरा गरिने छ।

यस क्याम्पसको तर्फबाट प्रस्तुत प्रतिबेदनलाई यस सम्मानित साधारणसभाबाट केही सुझव भए दिनु भइ सर्वसम्मत रुपमा पारित गरिदिनुहुन अनुरोध छ।